# कटारी नगरपालिका

# स्थानीय राजपत्र

**खण्डः०७** **संख्याः०३** **मितिः२०८०/०२/१९**

## भाग ०२

## स्थानीय सेवामा कार्यरत कर्मचारीहरुको एक पटकको लागि एक तह तथा स्तर वृद्धि सम्बन्धी मापदण्ड, २०८०

कार्यपालिकाबाट स्वीकृत मितिः२०८०/०२/१८

**प्रस्तावना**: निजामती सेवा,अन्य सेवाबाट स्थानीय तहमा कर्मचारी समायोजन ऐन,२०७५ वमोजिम समायोजन भएका र संघीय लोक सेवाबाट स्थानीय सेवाको पदमा सिफारिस भएका कर्मचारीहरुको एक पटकका लागि एक तहबृद्दि सम्वन्धमा “स्थानीय सेवा(गठन तथा सञ्चालन) अध्यादेश, २०८०” को दफा ८ को उपदफा (१६) को प्रावधान कार्यान्वयन गर्न वाञ्छनीय भएकोले कटारी नगरपालिकाको वैठकले अध्यादेशको दफा १५४ वमोजिम यो मापदण्ड जारी गरीएको छ।

### परिच्छेद ०१
### प्रारम्भिक

१. **संक्षिप्त नाम र प्रारम्भ**:

क. यस मापदण्डको नाम "स्थानीय सेवामा कार्यरत कर्मचारीहरुको एक पटकको लागि एक तह तथा स्तरवृद्धि सम्बन्धी मापदण्ड, २०८०" रहेको छ।

ख. यो मापदण्ड तुरुन्त प्रारम्भ हुनेछ।

२. **परिभाषा**: विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस मापदण्डमा:

क) "अध्यादेश" भन्नाले कोशी प्रदेशले जारी गरेको "स्थानीय सेवा (गठन तथा सञ्चालन) अध्यादेश, २०८०" लाई सम्झनु पर्दछ ।

ख) "अन्य सेवा भन्नाले" साविक गाउँ विकास समिति, नगरपलिका, जिल्ला विकास समिति तथा विकास समिति सम्झनु पर्दछ ।

ग) "नगरपालिका" भन्नाले कटारी नगरपालिका सम्झनुपर्छ ।

घ) "प्रमुख प्रशासकीय अधिकृत" भन्नाले कटारी नगरपालिकाको प्रमुख प्रशासकीय अधिकृत सम्झनु पर्दछ ।

ङ) "प्रदेश" भन्नाले कोशी प्रदेशलाई सम्झनु पर्दछ ।

च) "प्रदेश लोक सेवा आयोग" भन्नाले कोशी प्रदेशको प्रदेश लोक सेवा आयोग सम्झनु पर्दछ ।

छ) "समायोजन ऐन" भन्नाले कर्मचारी समायोजन ऐन, २०७५ लाई सम्झनु पर्दछ ।

ज) "स्थायी पद" भन्नाले निबृतिभरण वा योगदानमुलक निवृतभरण वा उपदान पाउने र म्याद नतोकिएको स्थानीय सेवाको पद सम्झनु पर्दछ ।

झ) "तहवृद्धि" भन्नाले अध्यादेशको दफा ८(१६) वमोजिमका कर्मचारीहरुको एक पटकका लागि एक तहवृद्धि गर्ने कार्यलाई सम्झनुपर्छ ।

ञ) "समिति" भन्नाले दफा ७(०१) वमोजिमको तहवृद्धिका लागि गठित समितिलाई सम्झनु पर्दछ ।

ट) "अख्तियारवाला" भन्नाले स्थानीय सेवामा नियुक्ति पदस्थापन र अवकासको निर्णय गर्ने अधिकारीलाई सम्झनु पर्दछ ।

ठ) "मापदण्ड" भन्नाले "स्थानीय सेवामा कार्यरत कर्मचारीहरुको एक पटकको लागि एक तह तथा स्तरवृद्धि सम्बन्धी मापदण्ड, २०८०" सम्झनुपर्छ ।

ड) "स्थानीय तह" भन्नाले कटारी नगरपालिका सम्झनु पर्दछ ।

ढ) "कोशी प्रदेश वा अन्य प्रदेशका स्थानीय तह" भन्नाले कटारी नगरपालिका बाहेकका नगरपालिका वा गाउँपालिका सम्झनुपर्छ ।

## परिच्छेद ०२

## तह वृद्धिका आधार, अवस्था र प्रक्रिया

३. **तह वृद्धिका आधार:** (१) तह वृद्धिका आधारहरु देहाय बमोजिम हुनेछ ।

क) अध्यादेश वमोजिमको दफा ८ को उपदफा (१६) अनुसार मापदण्ड पुगेका स्थानीय सेवाका कर्मचारीहरुको एक पटकको लागि एक तह वृद्धि हुनेछ ।

४. **तह वृद्धि हुन सक्ने अवस्था:** (१) देहायको अवस्थामा कर्मचारीको एक पटकको लागि एक तहवृद्धि गरिनेछ ।

क) अन्य सेवा (साविक गाउँ विकास समित, नगरपलिका, जिल्ला विकास समिति, विकास समिति आदि) बाट स्थायी नियुक्ति भई कर्मचारी समायोजन ऐन,२०७५ बमोजिम समायोजन पूर्वकै पद/तहमा समायोजन भई हालसम्म तहवृद्धि वा वढुवा नभएका स्थानीय तहका कर्मचारीहरु।

ख) संघीय लोकसेवा आयोगबाट २०७६ सालमा सिफारिस भई स्थानीय तहको पदमा पदस्थापना भएका छैठौ तहका कर्मचारीहरु।

ग) स्थायी निजामती कर्मचारीहरु समायोजन ऐन,२०७५ बमोजिम समान पद र तहमा स्थानीय तहको पदमा समायोजन भई यो मापदण्ड स्वीकृत हुँदाको वखत सम्म तहवृद्धि नभएका कर्मचारीहरु।

घ) संघीय लोकसेवाबाट अधिकृतस्तर छैटौं तहमा सिफारिस भई कोशी प्रदेश वा अन्य प्रदेशका स्थानीय तहमा नियुक्ति भई यस कार्यालयको रिक्त दरबन्दीमा कार्यालयको सहमतिमा कामकाजका लागि सरुवा भई आएका कर्मचारीहरुको समेत तहवृद्धि गरिनेछ।

(२) अन्य सेवाको हकमा कम्तीमा पछिल्लो चार वर्षको कार्यसम्पादन मुल्यांकनमा औषत ९०% अंक प्राप्त गरेको हुनु पर्ने छ तर कार्यालय सहयोगीका हकमा कार्यसम्पादन मूल्यांकन आवश्यक नपर्ने।

५. **यस मापदण्ड वमोजिम तह वृद्धि हुन नसक्ने अवस्था:** (१)देहायको अवस्थाका कर्मचारीहरुको तह वृद्धि हुन सक्ने छैन।

क) समायोजन पछि बढुवा भएको भएमा

ख) यस मापदण्डमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि देहाएको कर्मचारी तहवृद्धि हुने पदको लागि उम्मेदवार हुन सक्ने छैन :-

१) प्रचलित कानून वमोजिम निलम्वन भएकोमा निलम्वन भएको अबिधभर।

२) विभागीय सजाय भई वढुवा रोक्का भएकोमा रोक्का भएको अबधिभर।

३) समायोजन पछि प्रदेश लोक सेवा आयोगबाट नयाँ विज्ञापनमा सिफारिस भई स्थानीय तहमा नियुक्ति पाएका।

४) दफा ४(०१) वमोजिम कर्मचारी बाहेकका कर्मचारीहरु।

६. **तह बृद्धि सम्वन्धी कार्यविधि:** (१) तहवृद्धि हुन चाहने कर्मचारीहरुले देहाय वमोजिमको प्रकृया अवलम्वन गर्नुपर्नेछ।

क) तहवृद्धि हुन इच्छुक कर्मचारीले अनुसूची ०१ बमोजिम सूचना प्रकाशित भएको मितिले ०७ दिन भित्र अनुसूची २ वमोजिमको ढाँचाको आवेदन फारम भरी तोकिएको कागजात संलग्न गरी समिति समक्ष पेश गर्नुपर्नेछ।

ख) तहवृद्धि सम्बन्धी एकिन गर्ने: तह बृद्धिका लागि यो मापदण्ड स्वीकृत भए पश्चात प्राप्त हुने निवेदनका सम्बन्धमा यस मापदण्डमा उल्लेखित आधार पुरा भए नभएको एकिन समितिले गर्नुपर्नेछ।

ग) विवरण संलग्न हुनुपर्ने: तहवृद्धिको प्रक्रिया रुजु गर्दा कर्मचारी व्यवस्थापन प्रणाली, समायोजन प्रणाली तथा वैयक्तिक विवरण प्रणालीलाई आधार मान्नुपर्ने र दुवै प्रणालीको विवरण संलग्न हुनु पर्नेछ।

घ) समितिबाट तहवृद्धिका लागि सिफारिससाथ पेश भए पश्चात प्रचलित कानूनको अधिनमा रही अनुसूची ०३ को ढाँचामा तह वृद्धिको कागजात अख्तियारवालाले सम्बन्धित कर्मचारीलाई उपलब्ध गराउनुपर्नेछ ।

## परिच्छेद ०३
## तहवृद्धि समिति सम्बन्धी व्यवस्था

**७. तहवृद्धि समिति:**

१) यस मापदण्ड वमोजिमको एक पटकको लागि गरिने तहवृद्धिका लागि देहाय वमोजिमको सिफारिस समिति गठन गरिनेछ ।

| | |
|---|---|
| क) प्रमुख प्रशासकीय अधिकृत | संयोजक |
| ख) वरिष्ठ अधिकृत | सदस्य |
| ग) प्रशासन शाखा प्रमुख | सदस्य-सचिव |

२) समितिको बैठकमा शाखा प्रमुखलाई आवश्यकता अनुसार आमन्त्रण गर्न सकिनेछ ।

३) उपदफा १ वमोजिमको समितिले बैठकको कार्यविधि आफै तय गर्न सक्नेछ ।

४) समितिको काम, कर्तव्य र अधिकार देहाय वमोजिम हुनेछ :-

क) सुचना प्रकाशन गर्ने : सात दिनको समयावधी दिई अनुसूची ०१ को ढाँचामा सूचना प्रकाशन गरी आवेदन पेश गर्ने समय प्रदान गर्ने ।

ख) सुचना अवधि भित्र परेका आवेदनमा देहायको कागजातहरुको प्रतिलिपिको जाँचबुझ गर्नुपर्नेछ ।

अ. अवधि पुष्टि हुने नियुक्ति प्रत्र,

आ. समायोजन भएका कर्मचारकीको हकमा समायोजन भएको पत्र,

इ. कामकाज सरुवामा रहका कर्मचारीको हकमा नियुक्ति पत्र,

ई. कार्यालयको सहमति पत्र र सरुवा पत्र,

उ. अन्य सेवाको कर्मचारीको हकमा दफा ४(०२) बमोजिमको कार्यसम्पादन मूल्यांकन

ऊ. न्युनतम शैक्षिक योग्यता हासिल गरेको प्रमाण-पत्र

ग) यस मापदण्ड भित्र पर्ने आवेदक कर्मचारीहरुको स्तरबृद्धिका लागि अख्तियारवाला समक्ष सिफारिस गर्ने ।

## परिच्छेद ०४
## विविध

**८. स्वास्थ्य सेवाको कर्मचारीको तहवृद्धि:** स्वास्थ्य सेवा तर्फको कर्मचारीको तहवृद्धि स्वास्थ्य सेवा सम्वन्धी सङ्घीय कानूनले तोकेको वमोजिम गरिनेछ ।

**९. प्रचलित कानून बमोजिम हुने:** यस मापदण्डमा उल्लेख भएका विषयको हकमा यसै मापदण्ड बमोजिम र अन्य विषयको हकमा प्रचलित कानून बमोजिम हुनेछ ।

**अनुसूची १**

**दफा ०७ को उपदफा ४ (क) सँग सम्बन्धित**

मितिः........................

सूचना ! सूचना !! सूचना !!!

कोशी प्रदेशको स्थानीय सेवा (गठन तथा सञ्चालन) अध्यादेश, २०८० बमोजिम स्थानीय सेवामा कार्यरत कर्मचारीहरुको एक पटकको लागि एक तह स्तर वृद्धि सम्बन्धी मापदण्ड, २०८० दफा ४ को उपदफा (२) र दफा ७ को उपदफा (४, ख) वमोजिमको न्यूनतम योग्यता पुगेका कर्मचारीहरुलाई मापदण्डमा उल्लेख भए बमोजिम आवश्यक कागजात संलग्न राखी तह तथा स्तरवृद्धिका लागि आवेदन फारम भरी कार्यालयमा दर्ता गराउनका लागि ७ (सात) दिनको म्याद दिई सूचना प्रकाशित गरिएको छ । तोकिएको मिति भित्र आदेवन फारम दर्ता नभएमा कार्यालय जवाफदेही नहुने व्यहोरा समेत यसै सूचना मार्फत जानकारी गराइन्छ ।

**संलग्न गर्नुपर्ने कागजातः**

१. अवधि पुष्टि हुने नियुक्ति प्रत्र,
२. समायोजन भएका कर्मचारकीको हकमा समायोजन भएको पत्र,
३. कामकाज सरुवामा रहका कर्मचारीको हकमा नियुक्ति पत्र,
४. कार्यालयको सहमति पत्र र सरुवा पत्र,
५. अन्य सेवाको कर्मचारीको हकमा दफा ४(०२) बमोजिमको कार्यसम्पादन मूल्यांकन
६. न्युनतम शैक्षिक योग्यता हासिल गरेको प्रमाण-पत्र

.................................

प्रमुख प्रशासकीय अधिकृत

कार्यालय दर्ता नं.
मितिः

**अनुसूची २**

**दफा ६ (क) सँग सम्बन्धित**

कटारी नगरपालिका

**नगर कार्यपालिकाको कार्यालय**

**कटारी, उदयपुर**

**(तहवृद्धि आवेदन फारम)**

उम्मेद्वारको हालसालै खिचेको पासपोर्ट साइजको फोटो टाँसी शाखा प्रमुखबाट प्रमाणित गराउनु पर्ने

१. सूचनाको विवरण

तह वृद्धिको सूचना नम्बरः.................................... मितिः..............................

सेवा/ समुहः.................................................. तहवृद्धि हुने तहः ..............

२. उम्मेद्वारको विवरणः

उम्मेद्वारको नाम, थर(देवनागरीमा): ...................................................................

उम्मेद्वारको नाम, थर(अंग्रेजीमा):........................................................ठेगानाः ...................................................

बहाल रहेको कार्यालयः................................................

बजेको नामः..............................................................

बाबुको नामः..............................................................

आमाको नामः ..........................................................

सेवाः.....................................................................समूह/ उपसमूहः ...............................................

पदः..........................................................

नागरिकता प्रमाण पत्र नं.:.........................................कर्मचारी संकेत नं.:..........................................

जारी जिल्लाः .......................................................मोबाईल नम्बरः...............................................

३. सेवाको विवरण (शुरुदेखि हालसम्मको)

| क्र.सं. | सेवा/समूह/ उपसमूह | कार्यालयको नाम | नियुक्ति वा बढुवा मिति | बहाल रहेको मिति | | असाधारण विदा बसेको भए सोको अवधि | | अध्ययन बिदा बसेको भए सोको अवधि | | कसरी आएको (खुल्ला, बढुवा, समायोजन/ सरुवा) | स्थायी नियुक्ति गर्ने कार्यालय | कै. |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | देखि | सम्म | देखि | सम्म | देखि | सम्म | | | |
| | | | | | | | | | | | | |

४. हालको तहमा वा समायोजना हुनु भन्दा पहिलाको समान तहको पदमा तहवृद्धिको लागि निवेदन दिन पाउने अन्तिम मितिमा पुग्ने अवधि ..........................वर्ष,.............महिना, ....................दिन

५. तहवृद्धिको लागि योग्य भए नभएको अवस्था /

क. विभागीय कारवाही भएको/ नभएको: ......................
भएको भए कुन कारवाही भएको हो, सकिने आवधि उल्लेख गर्नु होस:...............................

ख. अध्यादेशको दफा २८ वमोजिमको तहवृद्धि हुने पदका लागि आवश्यक न्युनतम शैक्षिक योग्यता हासिल गरेको/ नगरेको:...........................................................

ग. असाधारण/ अध्ययन विदा बसेको/ नबसेको:..............................................

घ. निलम्बन परेको/ नपरेको:.........................................

ङ. पेशासँग सम्बन्धित व्यवसायी परिषदको प्रमणपत्र अवधि:..................................

६. माथि उल्लेखित विवरण ठीक छ । झुट्टा ठहरे कानून बमोजिम सहुँला/ बुझाउँला भनी सही छाप गर्ने ।

कर्मचारीको नाम, थर:.............................................

संकेत नं.:...................................................

पद:........................................................

सही र मिति :..............................................

| **ल्याप्चे सही छाप** | |
|---|---|
| दाँया | बाँया |
| | |

**तह वृद्धिको निर्णय (कार्यालयको प्रयोजनका लागि)**

क. आवेदक कर्मचारीको समायोजन हुनु पूर्व र समायोजन पश्चात गरी हालको तहमा पुरा गरेको सेवा अवधि
....................................वर्ष, ........................महिना, ...................दिन

ख. आवेदक कर्मचारीको पछिल्लो चार वर्षको कार्य सम्पादन मूल्याङ्कन बापत प्राप्त गरेको अंक र सोको औषत:

अ. आ.व.:....................../.........................को प्राप्ताङ्क...........................................

आ. आ.व.:....................../.........................को प्राप्ताङ्क...........................................

इ. आ.व.:....................../.........................को प्राप्ताङ्क...........................................

ई. आ.व.:....................../.........................को प्राप्ताङ्क...........................................

औषत प्राप्ताङ्क:.........................................................

ग. स्थानीय सेवा (गठन तथा सञ्चालन) अध्यादेश, २०८० को दफा २८ को उपदफा (१) तथा मापदण्डको दफा ४ र दफा ७ को उपदफा (४,ख) वमोजिमको न्यूनतम योग्यता तथा मापदण्ड पूरा गरेको देखिएकाले निजलाई हाल कार्यरत तहबाट समान सेवा, समुह, उपसमूहमा रहने गरी एक तहवृद्धि गर्ने निर्णय गरिएको छ।

निर्णय मिति:.............................................

तह वृद्धि हुने तह :....................................

समूह/उपसमूह:.........................................

तह वृद्धि निर्णय लागू हुने मिति:............................

सेवा:...........................................................

पद:.............................................................

| सदस्य | सदस्य | संयोजक |
|---|---|---|
| नाम, थर | नाम, थर | नाम, थर |
| संकेत नं. | संकेत नं. | संकेत नं. |

(कार्यालयको छाप)

**अनुसूची ३**
**(दफा ६ को उपदफा (१) घ सँग सम्बन्धित**
**(लेटर हेड)**

**मिति -:**२०८०|......|.....

**विषय-:**............तहमा तह वृद्धि गरिएको सम्वन्धमा।

**महाशय,**

तपाईलाई कोशी प्रदेशको स्थानीय सेवा (गठन तथा सञ्चालन) अध्यादेश, २०८० को परिच्छेद ३ दफा ८ को उपदफा १६ र कटारी नगरपालिकाको मिति ..............गतेको निर्णयानुसार कानून बमोजिम जेष्ठता कायम हुने गरी .......तहमा तह वृद्धि गरिएको छ।

अधिकृतस्तर/सहायकस्तर........तहमा तहवृद्धि हुनुभएकोमा हार्दिक बधाई तथा शुभकामना। तपाईलाई प्राप्त जिम्मेवारी राष्ट्र, जनता र सरकार प्रति कर्तब्यनिष्ठ भई प्रचलित ऐन, कानूनको परिधिमा रहेर पारदर्शिता, निष्पक्ष, अनुशासित भई सकारात्मक सोच र उर्जाका साथ कार्य सम्पादन गर्नु हुनेछ भन्ने अपेक्षा लिएको छु।

**तपसिलः**

| **साविक सेवा, समूह, तह** | **तह कायम गरिएको सेवातह ,समूह ,** |
|---|---|
| सेवा:- | सेवा:- |
| समुहः | समुहः- |
| पद/पदनामः | पद/पदनामः- |
| सो पदमा नियुक्ति मितिः- | तहः- |
| समायोजन पदः- | पदस्थापन गरिएको कार्यालयः- कटारी नगरपालिका, नगर कार्यपालिकाको कार्यालय, कटारी, उदयपुर। |
| समायोजन मितिः- | |
| कार्यालयः- कटारी नगरपालिका, नगर कार्यपालिकाको कार्यालय, कटारी, उदयपुर। | |

**श्री..................**

कर्मचारी संकेत नं.

..........................
प्रमुख प्रशासकीय अधिकृत

**बोधार्थ-:**

श्री संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय, सिंहदरबार, काठमाण्डौ।
श्री मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, कोशी प्रदेश, बिराटनगर।
श्री लोक सेवा आयोग, केन्द्रीय कार्यालय, अनामनगर काठमाण्डौ।
श्री प्रदेश लोकसेवा आयोग, कोशी प्रदेश, बिराटनगर।
श्री राष्ट्रिय किताबखाना(निजामति), हरिहरभवन, ललितपुर।
श्री प्रदेश किताबखाना, कोशी प्रदेश, बिराटनगर।
श्री कर्मचारी संचयकोष, काठमाण्डौ/बिराटनगर।
श्री नागरिक लगानी कोष, नयाँ बानेश्वर, काठमाण्डौ।
श्री कोष तथा लेखा नियन्त्रक कार्यालय, उदयपुर।
श्री आर्थिक प्रशासन शाखा,कटारी नगरपालिका, उदयपुर।

प्रमाणीकरण मिति २०८०/०२/१

**आज्ञाले,**
**अनिल किराती**
**प्रमुख प्रशासकीय अधिकृत**